सर्वोच्च अदालत
काठमाडौं

# प्रेस विज्ञप्ति

## सर्वोच्च अदालतद्वारा भिडियो कन्फरेन्सिङ्ग (Video Conferencing) र अनलाइन पत्राचार सेवा प्रारम्भ

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले लिएको उद्देश्य **छिटोछरितो न्याय सबैका लागि न्याय** लाई कार्यान्वयन गरी जनताको न्यायमा पहुँचलाई सुनिश्चित गर्ने लक्ष्यबमोजिम सर्वोच्च अदालतले आजबाट न्यायपालिकामा भिडियो कन्फरेन्सिङ्ग (Video Conferencing) सेवा प्रारम्भ गरेको छ । सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीले उच्च अदालत पाटन र पोखराका माननीय मुख्य न्यायाधीश तथा न्यायाधीशहरुसँग प्रत्यक्ष संवाद गर्दै भिडियो कन्फरेन्सिङ्ग (Video Conferencing) तथा अनलाइन पत्राचार सेवाको औपचारिक शुभारम्भ गर्नुभयो ।

सेवा प्रारम्भ समारोहलाई सम्बोधन गर्दै सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीले यस सेवाको प्रारम्भबाट न्याय सम्पादनको कार्यलाई सहज, सरल र सुलभ रुपमा सेवा विस्तार गर्न महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो । साथै, भिडियो कन्फरेन्सिङ्ग सेवाको शुभारम्भ भएको अवसरमा सोही कार्यक्रममा बोल्दै सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाले न्यायालयलाई प्रविधिमैत्री बनाउँदै न्याय सेवालाई विकसित प्रविधिको प्रयोगमार्फत् वैज्ञानिक, सुलभ र विश्वसनीय बनाउने क्रममा अभूतपूर्व थालनी भएको बताउनुभयो ।

उक्त कार्यक्रममा बोल्दै सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार नहकुल सुवेदीले न्यायपालिकालाई कागजबिहीन अदालत (Paperless Court) बनाउने अवधारणा अनुरुप कागजी पत्राचारको सट्टा सफ्टवेयरको प्रयोग गरी अनलाइनबाट नियमित पत्राचार गर्ने कामको शुरुवात गरिएको जानकारी दिनुभयो । हालसम्म हुलाकको माध्यमबाट गरिएको पत्राचार अब सफ्टवेयरको माध्यमबाट गरिने हुँदा समय, स्रोत र श्रमको बचत भई सेवा प्रवाहमा शीघ्रता, चुस्तता र प्रभावकारिता आउने अपेक्षा राखिएको पनि मुख्य रजिष्ट्रार सुवेदीले बताउनुभयो । साथै,

सर्वोच्च अदालतले मातहत अदालतबाट मिसिल झिकाउने, म्याद तामेल गर्ने र पेशीको जानकारी दिनेलगायतका पत्राचार अनलाइनमार्फत् शुरु गरेको हुँदा न्यायपालिकाको समग्र कामकारबाही तथा सेवा प्रवाहलाई छिटोछरितो बनाउन उल्लेखनीय मद्दत पुग्न जाने विश्वास पनि सुवेदीले व्यक्त गर्नुभयो ।

भिडियो कन्फरेन्सिङ्ग सेवाबाट न्याय सम्पादनको कार्यमा समयको बचत हुने, भौगोलिक रुपमा टाढा रहेको स्थानबाट समेत साक्षी परीक्षण गर्न, बयान गराउन र प्रमाण बुझ्न सहज हुने विश्वास लिइएको छ । यसबाट नेपालभरिका कुनैपनि अदालतमा हुने कार्यक्रमलाई सर्वोच्च अदालतबाटै सम्बोधन गर्न, मातहतका अदालतको निरीक्षण तथा अनुगमन गर्न, प्रशिक्षण, तालीम तथा गोष्ठी सञ्चालन गर्न र त्यस्ता कार्यक्रममा दूर स्थानबाट समेत सहभागिता जनाउन मिल्ने योजना राखिएको छ । साथै, यस सेवालाई मुद्दाको सुनुवाईका क्रममा साक्षी परीक्षण र विशेषज्ञको बयान/बकपत्र गराउन एवम् अभियुक्तलाई हिरासतमा राख्ने-नराख्ने सम्बन्धी निकासा दिनेलगायतका कार्यमा समेत प्रयोग गर्ने उद्देश्य लिइएको छ ।

यस सेवाको विस्तारसँगै न्यायमा सरोकारवाला निकायहरुको बृहत् सहभागिता हुने, तत्काल छलफल र वार्तालाप गर्न सकिने, निर्णयमा छिटोछरितोपना र प्रभावकारिता आउने, विज्ञहरुसँग सहकार्य गर्न सहज हुने र सूचना आदान प्रदानमा समेत सहज हुने विश्वास लिइएको छ । न्याय सम्पादनका क्रममा देखा पर्नसक्ने सुरक्षा संवेदनशीलता र लामो यात्राका कारण हुनसक्ने ढिलाइलाई समेत न्यूनिकरण गरी छिटोछरितो न्याय सेवा प्रवाहमा यस सेवाले महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा न्यायपालिकाले राखेको छ ।

(नगेन्द्रकुमार कालाखेती)
सहायक प्रवक्ता/उपरजिष्ट्रार

२०७४ साल भाद्र २९ गते, बिहीबार
सर्वोच्च अदालत, काठमाण्डौ ।